# पाणिनी गाउँपालिका

**अर्घाखाँची ।**

## बजेट वक्तव्य २०७९।०८०

**सम्माननीय सभाध्यक्षज्यू,**

**सभा सदस्य ज्यूहरू,**

**प्रमुख प्रशासकीय अधिकृत,**

**शाखा प्रमुखहरू,**

**सम्पूर्ण कर्मचारी साथीहरू,**

**सम्पूर्ण पत्रकारहरू,**

**उपस्थित सम्पूर्ण महानुभावहरू,**

## "पाणिनी र दुर्वाशा ऋषिको पहिचान सम्बृद्ध पाणिनी हाम्रो अभियान"

सभाअध्यक्ष महोदय,

यस गाउँपालिकाको गरिमामय दोस्रो गाउँसभाको प्रथम अधिवेशनमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएका गाउँ सभाका सदस्यहरू लगायत सम्पूर्ण महानुभावहरूमा म मेरो व्यक्तिगत र पाणिनी गाउँपालिकाको तर्फबाट अभिवादन तथा हार्दिक स्वागत गर्न चाहन्छु ।

सर्वप्रथम देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक सङ्घर्ष तथा आन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै कोरोना भाइरस (कोभिड१९-) को विश्वव्यापी महामारीका कारण मृत्यु भएका व्यक्तिहरूमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नोबेल कोरोना भाईरसबाट सीर्जित मानवीय स्वास्थ्य संकटको घडीमा आर्थिक भौतिक तथा महानुभाव सम्पूर्ण गर्नुहुने सहयोग नैतिकहरूअभिवादन हार्दिक मा व्यक्त गर्दछु ।

स्थानीय निर्वाचन, २०७४ बाट निर्वाचित भई पहिलो कार्यकाल पूरा गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरूलाई विशेष आभारसहित धन्यवाद व्यक्त गर्दछु ।पहिलो गाउँसभामा रहनुहुने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष साथै सभासदस्यहरूको अतुलनीय योगदानको उच्च मूल्याङ्कन गर्दछु।

सीमित स्रोत र साधनबाट जनताका असीमित आवश्यकता सम्बोधन गर्नुपर्ने बाध्यताका बीच विभिन्न प्राकृतिक प्रकोप, अन्तर्राष्ट्रिय जगत्का दुई देश बीचको आपसी द्वन्द्व तथा

युद्धको कारण पेट्रोलियम पदार्थ तथा खाद्यान्नमा भएको चर्को मूल्यवृद्धिको कारण दैनिक जीवनयापन गर्न समेत असहज परिरहेको, योजनाको कार्यान्वयन र विकास निर्माण गर्न पनि असहज भएको सन्दर्भ अत्यन्त चुनौतीपूर्ण रहेको छ । यस चुनौतीका माझमा सम्भावनाको खोजी गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको पनि रहेको छ । जसमध्ये हामी सबै नवनिर्वाचित जनप्रतिनिधिहरूको काधमा जनताले सबै विषय सुम्पिएको अवस्था रहेको छ । यस्तो विषम परिस्थितिमा सम्पूर्ण नवनिर्वाचित टिम नै जिम्मेवार र जनताप्रति वफादार रहँदै जनताका विकासका चाहाना, स्वास्थ्य सुरक्षा र मानवीय जीवनको रक्षा समेतलाई ध्यान दिई नीति कार्यक्रम र बजेट तर्जुमा हाम्रो प्राथमिकतामा रहने कुरामा दुईमत रहनेछैन ।

स्थानीय सरकारप्रतिको बढ्दो नागरिक अपेक्षा, विकासका न्यूनतम पूर्वाधारहरूको कमी, विश्वव्यापी रूपमा फैलिएको महामारी कोभिड१९- को अवस्था सेलाउन नपाउँदै वर्तमान अवस्थाको मूल्य वृद्धिको कारण मानसिक तनाव, गरिविको वृद्धि रोजगारीको सीमितताका बीचबाट माथि उठ्दै उपलब्ध स्रोत साधनलाई कुशलतापूर्वक परिचालन गर्ने विषय चुनौतीपूर्ण रहँदा रहँदै पनि गाउँपालिका प्रतिको गाउँवासीहरूको सद्भाव, विकास र समृद्धिप्रतिको उच्च चाहनाको परिणामस्वरुप गाउँवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन आउने कुरामा म पूर्ण विश्वस्त छु ।

प्रस्तुत बजेट, नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, पन्धौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय नीतिहरू, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना तर्जुमाको क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह सुझावहरू र अग्रजको मार्गदर्शन अनुसार यो बजेट तथा कार्यक्रम तयार गरिएको छ । यस बजेट तथा कार्यक्रमबाट जनताको दैनिकीमा आएको असहज अवस्थालाई सम्बोधन गर्न समेत यस बजेट, नीति तथा कार्यक्रमले सहयोग पुर्याउने विश्वास लिएको छु ।

स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरी लाभ र अवसरको न्यायोचित वितरण गर्ने, दिगो विकासको लागि पूर्वाधार निर्माण गर्ने, सन्तुलित रूपमा वडागत विकास गर्ने र उच्चदरको आर्थिक वृद्धिदर हासिल गर्न तर्फ यो बजेट केन्द्रित हुनेछ ।

पाणिनी गाउँसभाबाट विगतमा पारित नीति तथा कार्यक्रमको मार्गदर्शन र स्थानीय सरकारको अधिकार क्षेत्रको परिधिभित्र रहि गाउँकार्यपालिकाका बैठक, विषयगत शाखाहरू

समेतको परामर्श र सर्वपक्षिय/दलीय अन्तरक्रिया समेतलाई ध्यानमा राखी स्थानीय ऐन कानूनमा उल्लेखित प्रावधानहरू, विकासका समसामयिक मुद्दाहरू जस्तैःदिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन,लैंगिक सशक्तिकरण, वातावरणमैत्री स्थानीय शासन, विषयगत शाखाहरूबाट प्राप्त सुझाव लगायतका विषयलाई ध्यानमा राखेको छु।

**सभाध्यक्ष महोदय,**

अब म यस बजेटका उद्देश्य, प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**उद्देश्य**

- कृषि व्यवसायको व्यवसायीकरणमा जोड दिदै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई जनताको जीवनस्तरमा सुधार ल्याउनु ।
- साना तथा घरेलु उद्योग सहकारी र पर्यटन, व्यवसायलाई गाउँपालिकाको आर्थिक विकासमा मुल प्रवाहिकरण गरी स्थानीय समुदायमा स्वरोजगारी सृजना गर्दै आय आर्जनमा वृद्धि गर्ने ।
- शिक्षा, स्वास्थ्य लगायत खानेपानीको सामाजिक स्थितिमा सुधार गर्दै स्थानीय विकास र शासनमा महिला, बालबालिका, दलित, यूवा, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत विपन्न क्षेत्र र वर्ग समुदायका व्यक्तिहरूको पहुँच अभिवृद्धि गर्ने ।
- सडक यातायात लगायत अन्य विकासका पूर्वाधारका क्षेत्रमा गाउँपालिका बासिहरूको पहुँचमा अभिवृद्धि गर्ने।
- वन, वातावरण, प्राकृतिक तथा जैविक सम्पत्तिको संरक्षण सम्वर्द्धन र वितरण प्रणालिमा सुधार भई गाउँपालिकामा विपद व्यवस्थापन सम्बन्धि दिगो उपायहरू अवलम्वन गर्ने ।
- गाउँपालिका बासिलाई गुणस्तरीय, छिटो छरितो प्रभावकारी र पारदर्शि सार्वजनिक सेवा प्रदान गर्न सक्षम स्थानीय शासन पद्धतिको संस्थागत विकास गर्ने ।
- समृद्ध तथा समुन्नत समाज निर्माण गर्ने,

**प्राथमिकताका क्षेत्रहरू**

निम्न प्राथमिकता क्रममा बजेट व्यवस्था गरेको छु ।

- गुणस्तरीय एवं प्रविधिमैत्री शिक्षा
- भौतिक पुर्वाधार सिंचाई सडक र उर्जा

- गुणस्तरीय भरपर्दो र सर्वसुलभ स्वास्थ्य सेवा
- कृषि तथा पशुपंक्षी विकास
- सेवा प्र्रवाह र सुशासन
- खानेपानी तथा सरसफाई
- वन, पर्यटन र उद्योग
- सामाजिक सुरक्षा

**सम्माननीय सभाध्यक्ष महोदय,**

**चालु आ.व. को समष्टीगत प्रगति प्रस्तुत गर्न चाहन्छु ।**

- यस गाउँपालिकाले चालु आ. व. मा लिएका उद्देश्य तथा प्राथमिकताहरूबाट कोरोना भाइरस रोकथाम तथा नियन्त्रण र पूर्वतयारी तर्फ प्राथमिकताहरू परिवर्तन गर्नुपरेको छ । फलस्वरुप हामीले लिएका उद्देश्य सत प्रतिशत हासिल हुन नसकेता पनि हाम्रो चालु आ.व.मा वित्तिय प्रगति राम्रो देखिएको छ ।
- आर्थिक वर्ष २०७८/०७९ मा सम्झौता भएका जम्मा योजना शर्सत र निर्शत मध्ये जम्मा ३५० सम्झौता भएका २०० योजना हाल सम्म भुक्तानी भएका ठेक्का तथा कोटेशन / परामर्श तर्फ ३० वटा सम्झौता भएका जस मध्ये १८ वटा हालसम्म भुक्तानी भएका छन ।
- समपुरक योजना तर्फका ठुला योजनाहरू प्रशासनीक भवन निर्माणको काम द्रुत गतिमा भईरहेको
- प्रदेश तर्फका समपुरक योजनाहरूमा खरको छाना विस्थापनका लागि जस्ता पाता खरिद कार्य सम्पन्न गरी वितरण कार्य भईरहेको छ ।
- पणेना स्वास्थ्य चौकी र पटौटी स्वास्थ्य चौकीको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- धातिवाङ्ग स्वास्थ्य चौकीको कार्य चलिरहेको छ ।
- प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरू मध्ये सुनौलो दुग्ध उत्पादन केन्द्र भवन निर्माण वडा नं. ४ कुँडापानी ,लेकाली कृषि सहकारी संस्था भवन निर्माण वडा नं. ४ , सौकत अलीको घर भनडाँडा पक्की वाल निर्माण वडा नं. ८  र रुस्तुम दशमुरी पहिरो नियन्त्रण वडा नं. ८ को कार्य सम्पन्न भई भुक्तानी लिईसकेको ।
- प्रदेशबाट हस्तान्तरित बाँकी योजनाहरूको कार्य सम्पन्न भएको जस मध्ये बहखोर खोलाखर्कदह जोडने मो.बा. वडा नं. ६ को योजना संझौता भई निर्माण भइरहेको छ ।

- आलुको बिउँ उत्पादन कार्यक्रम अन्तर्गत पि.वि.एस आलुको बिउँ ल्याइ पाणिनी गाउँपालिकाका बिभिन्न वडाहरूमा सुद्ध आलुको बिउँ उत्पादन भइरहेको ।
- गहुँको उन्नत बिउँ वितरण कार्यक्रम मार्फत वितरित उन्नत गहुँको बिउँबाट यो बर्ष गाउँपालिकाको गहुँ उत्पादनमा उल्लेखनिय बृद्धि भएको।
- वोयर बाख्रा स्रोत केन्द्र विस्तार कार्यक्रम अन्तर्गत वडा नं. १ मा शत प्रतिशत सुद्ध वोयर बाख्राको स्रोत केन्द्र विस्तार भएको।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत संचालित बिभिन्न वाली वस्तुका ५ वटा पकेट कार्यक्रम संचालन भइरहेको।
- चालु आ.व. मा गाउँपालिकाको पूर्वाधार निर्माणको प्रगति सन्तोषजनक रहेको छ। हामिले समयमा नै योजनाहरू सम्बन्धित वडाहरूमा गई सम्झौता गरिएको हुदा देशमा जारी बन्दाबन्दीका कारण कामदार अभाव, निर्माण सामग्री अभाव जस्ता कारणहरू भएता पनि जेठ मसान्त सम्मामा सम्झौता भएका ५२१ योजनाहरू मध्ये ३४० योजनाहरू भुक्तानी भईसकेका छन। पटक पटकको अविरल बर्षाका कारण निर्माण गरिएका सडक पूर्वाधारहरू पटक पटक नै क्षतिग्रस्त भइरहने। गाउँपालिकाको बजेट लगानी भइरहने तर भौतिक प्रगति नदेखिने समस्याले यस बर्ष सडक पूर्वाधारतर्फ नराम्ररी प्रभाव पार्ने देखिन्छ। त्यसै गरी खानेपानी पूर्वाधार तर्फ पणेना, पटौटी, लगायतका स्थानमा समपूरक अनुदानका आयोजनाहरू ठेक्कामार्फत अन्तिम चरणमा पुगेका छन्। दुर्वासेश्वर गुफा भौतिक पूर्वाधार निर्माण योजनाको काम पनि अन्तिम चरणमा पुगेको छ।
- कृषि, पशु तर्फ जनसहभागितामा गोठ सुधार, अनुदानमा प्लाष्टिक सिथ(टनेल) वितरण, आलु, मकैको मूल विउ वितरण, विषादी वितरण, फलफूलका विरुवा वितरण, दूधमा प्रोत्साहन जस्ता कार्यक्रमहरू संचालनमा आएका छन्। सहकारी ऐन पारित भई सहकारी दर्ताको प्रक्रिया प्रारम्भ भैसकेको छ।
- कोभिड-१९ रोग नियन्त्रण रोकथामको लागि गाउँपालिका भित्र कोभिड अस्पताल स्थापना गरी संक्रमितहरूको उपचार व्यवस्थापन गरिएको छ।
- निशुल्क स्वास्थ्य सेवाको मर्मलाई ध्यान दिदै आवश्यक जनशक्ति र औषधिको व्यवस्था गरिएको छ। साथै ल्याव सेवालाई निरन्तरता दिईएको छ।
- कोरोना भाइरस संक्रमणलाई नियन्त्रण र रोकथामका लागि आवश्यक स्वास्थ्य सुरक्षा सामग्री तथा औषधि खरिद गरी स्वास्थ्य संस्थाहरूमा वितरण गरिएको छ। सचेतनामुलक कार्यक्रम ऐन्टिजेन टेस्ट बढाईएको छ ।
- असहाय उपचार सहायता कोष मार्फत विपन्न परिवार तथा कडा दिर्घ रोगीहरूको उपचारमा सहयोग पुर्‍याउन कार्यविधि समेत तयार गरी कार्यान्वयनमा लगिएको छ।
- विपदमा परेका आम नागरिकलाई राहतको उचित व्यवस्था गर्ने कार्य अगाडी बढेको छ।

- गत आर्थिक वर्षमा बोयर बाख्राको स्रोतकेन्द्र स्थापना गर्ने गरी पाणिनी गाउँपालिकाका तीन स्थानमा बोयर बोका तथा बाख्रा वितरण गरिएकोमा अहिले ती बोयर बाख्राहरूबाट उत्पादन सुरु भैसकेको छ।
- सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन विभिन्न विधुतीय प्रणालीहरू जडान भैसकेका छन् । व्यक्तिगत घटना दर्ता प्रणाली सबै वडाहरूबाट अनलाईन मार्फत हुने व्यवस्था संचालनमा आइसकेको छ । साथै सामाजिक सुरक्षा भत्ता पुर्ण रूपमा बैकिङ् भैसकेको छ ।
- गाउँपालिका स्थापना भईसकेपछि करिब ६८ भन्दा बढि ऐन कानून कार्यविधि निर्देशिका निर्माण भएका छन् त्यसलाई एकिकृत गरि सम्पूर्ण कानूनहरू लाई राजपत्रमा प्रकाशित गरी ऐन संग्रह निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

आ.व. ०७८।७९ को विस्तृत प्रगति विवरण आ.व. समाप्त भैसके पश्चात समिक्षा मार्फत प्रगतिको जानकारी गराइने छ ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष ०७९।८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- वडा तहको पूर्वाधार विकास, कृषिमा व्यवसायीकरण, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानवविकास सूचकाङ्कको विकासका लागि रु ६५ लाखका दरले जम्मा रु. ५ करोड २० लाख वडा तर्फ विनियोजन गरेको छु।
- संघीय समपूरकको लागि रु.१ करोड ७० लाख र गाउँपालिकाले पहिचान गरेका पूर्वाधार विकास, आयोजनाका लागि साझेदारीमा कार्यक्रम गर्नेगरी रु. १ करोड ७० लाख गरी संघीय समपूरक तर्फ रु.३ करोड ४० लाख विनियोजन गरेको छु ।
- प्रदेश समपूरकको लागि रु.१ करोड ५० लाख र गाउँपालिकाले पहिचान गरेका पूर्वाधार विकास, पर्यटन, शिक्षा, स्वास्थ्य, सिंचाई, कृषि कार्यक्रम लगायत क्षेत्रगत आयोजनाहरूका लागि साझेदारीमा कार्यक्रम गर्नेगरी रु. १ करोड ५० लाख गरी प्रदेश समपूरक तर्फ रु.३ करोड विनियोजन गरेको छु ।

## क. आर्थिक विकास क्षेत्र

- आर्थिक विकास क्षेत्र तर्फ कुल रू. ३ करोड ३ लाख विनियोजन गरिएको छ । जसमध्ये संघीय सशर्त बाट रु. १ करोड २४ लाख र पालिका बाट रु १ करोड ७९ लाख विनियोजन भएको छ ।
- कृषिलाई प्राथमिकतामा राखी प्रत्येक वडालाई प्रदान गरिएको बजेट सीमाबाट कम्तिमा २० प्रतिशत आर्थिक विकास क्षेत्रका उपक्षेत्रमा बाँडफाँडको व्यवस्था मिलाएको छु । जलस्रोत तथा सिंचाईंका लागि गाउँपालिकाबाट रु.२५ लाख विनियोजन गरेको छु । औजार एवं प्रविधि, मल, विउ, उपकरण तथा उपचार समेतका लागि कृषि र

पशुपालनमा सशर्त तथा निशर्त बजेटबाट गाउँपालिका र वडासमेत गरी रू.१ करोड ७९ लाख विनियोजन गरेको छु साथै गाउँपालिकाबाट कृषि र पशु क्षेत्रको लागि रू १ करोड ६७ लाख विनियोजन गरेको छु। उद्योग, सहकारी तथा पर्यटनमा रू ४५ लाख विनियोजन गरेको छु। कृषकहरूलाइ उत्पादनको आधारमा दुधमा अनुदान रू २० लाख विनियोजन गरेको छु।

**ख. पूर्वाधार विकास क्षेत्र**

- पूर्वाधार विकास क्षेत्र तर्फ रू. ४ करोड ८४ लाख विनियोजन गरिएको छ। जसमध्ये १ करोड ७४ लाख सर्शत रकम विनियोजन गरिएको छ भने गा.पा. तर्फबाट ३ करोड १० लाख विनियोजन गरिएको छ।
- समग्र पूर्वाधार क्षेत्रको विकास गरी अगाडी बढ्ने पाणिनी गाउँपालिकाको नीति अनुरूप वडाको सिलिङबाट ५० प्रतिशत पुर्वाधार विकास विनियोजन हुने व्यवस्था मिलाएको छु।
- मोटर बाटोमा यस वर्ष मर्मतको लागि मात्र बजेट खर्च हुने र अत्यावश्यक र अधुरा बाहेक नयाँ सडक निर्माणको लागि बजेट विनियोजन नहुने गरी व्यवस्था मिलाइएको छ।
- विभिन्न मर्मत संम्भारको लागि रू ४७ लाख विनियोजन गरेको छु।

**ग. सामाजिक विकास क्षेत्र**

- शिक्षा, स्वास्थ्य, संस्कृति, खानेपानी/सरसफाई, लैङ्गिक समानता तथा समावेशीकरण समेतका क्षेत्रलाई ध्यान दिई कुल रु. ३३ करोड ५७ लाख विनियोजन गरिएको छ। जसमध्ये सशर्त रूपमा प्राप्त बजेट संघीय सरकार सर्सत रु ३० करोड ३९ लाख विनियोजन भएकोमा गाउँपालिका बाट ३ करोड १८ लाख विनियोजन भएको छ। शिक्षा तर्फ रु २५ करोड ४४ लाख विनियोजन भएको छ जसमा शसर्त बाट रु. २३ करोड ३९ लाख,गाउँपालिका बाट रु २ करोड ५ लाख विनियोजन गरेको छु। त्यसैगरी स्वास्थ्यमा रू.५ करोड ८१ लाख विनियोजन गरेको छु जसमा सशर्त बाट रु. ५ करोड ६ लाख र गाउँपालिकाबाट ७५ लाख विनियोजन गरेको छु। खानेपानी तथा सरसफाई रु.२ करोड ६० लाख, लैङ्गिक तथा सामाजिक समावेशीकरणमा रु. १ करोड ५० लाख र युवा तथा खेलकूदको लागि आवश्यक बजेट विनियोजन गरेको छु। वडा कार्यालयहरूबाट यस क्षेत्रमा हुने विनियोजन समेत समावेश भएको छ।

  - गाउँपालिका भित्रको कृषि कार्यालय आधुनिकिकरण गर्दै कृषिमा आत्मनिर्भर तथा व्यवसायिक रूपमा सञ्चालन गर्नका लागि आवश्यक कानून निर्माण गरि अध्यक्ष संग कृषि कार्यक्रमका संचालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।
  - स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुजन्य वस्तुहरूलाइ बजारीकरणको व्यवस्थाको लागि कृषि सहकारी मार्फत उक्त सामाग्रीहरूको संकलन गरी कृषि एम्बुलेन्स सञ्चालन गरी उत्पादित वस्तुको

नजिकको (वुटवल, पाल्पा, सन्धिखर्क) जस्ता बजारको क्षेत्रमा स्थानीय ब्राण्डको रूपमा स्थापीत गरि विक्रि वितरण गर्ने व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

- जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि तालिमहरूको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विपद व्यवस्थापनका लागि आवश्यक पुर्व तयारीका तालिम लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**घ. सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र**

- गाउँपालिकाबाट रु.९० लाख विनियोजन गरेको छु । पहिरो व्यवस्थापन, वृक्षारोपण, मुहान संरक्षण, कार्ययोजना तर्जुमा लगायतको प्रयोजनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- यस क्षेत्र अन्तर्गत वातावरण तथा जलवायू अनुकुलन कार्यक्रमको लागि ३५ लाख विनियोजन गरेको छु । त्यसैगरी मानव संशाधन विकास मा रु. २३ लाख , कानून तथा न्यायमा रु ७ लाख, प्रशासकीय सुशासन रु १५ लाख र वित्तीय सुशासनमा रु १० लाख विनियोजन गरेको छु ।
- गाउँपालिका बाट हुने सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई बढाउदै डिजिटाइज स्मार्ट गाउँपालिका मार्फत सार्वजनिक सेवा प्रवाहलाई सु-व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाको विपत् व्यवस्थापन तथा प्रकोप व्यवस्थापन कोषमा जम्मा रु. ५० लाख विनियोजन गरेको छु ।
- सम्पूर्ण वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूलाई इन्टरनेट संजालमा आवद्ध गरी विधुतीय शासनलाई टेवा पुर्याउन सो क्षेत्रमा आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सेवा प्रवाहमा Online system, Token system, Help desk को प्रयोग गरी नागरिक सहायता कक्षको व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**ङ. कार्यालय संचालन तथा प्रशासनिक खर्च**

- गाउँपालिकाको सम्पूर्ण कर्मचारीहरूको तलव भत्ता, पदाधिकारीको सेवा सुविधा, कार्यालय सामग्री तथा दैनिक प्रशासनिक कार्यको लागि आवश्यक पर्ने सामग्री खरिद लगायत मेसीनरी औजार खरिद, मर्मत, पानी तथा विजुली, संचार जस्ता शिर्षकहरूका लागि रु. ९ करोड ७८ लाख विनियोजन गरेको छु ।
- संघीय सरकारले व्यवस्था गरे अनुरुप २०७९ श्रावण १ गते देखि स्थानीय सेवामा रहेका सबै स्थायी राष्ट्र सेवकको तलबमान लगायत अन्य सेवासुविधा संघीय सरकारले तोके बमोजिम हुने गरी आवश्यक बजेटको व्यवस्था मिलाएको छु । साथै स्थानीय सेवाका कर्मचारीहरूलाई उत्प्रेरित गर्न स्थानीय सेवा पुरस्कारको व्यवस्था मिलाईनेछ ।

– यसबाट फर्निचर तथा फिक्चर्स, कम्प्युटर तथा प्रिन्टर, सवारी साधन खरिद तथा भाडा, घर भाडा लगायतका कार्यालय व्यवस्थापन तथा संचालनका लागि आवश्यक सामग्रीहरूको व्यवस्थामा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**म्याचिङग कार्यक्रम तर्फः** विभिन्न निकायहरूबाट लागत साझेदारी कार्यक्रम तथा योजनाहरूको लागि म्याचिङग कार्यक्रम तर्फ रू ३० लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

आ.व. ०७७।७८ को यथार्थ आय-व्यय, ०७८।७९ को संसोधित आय-व्यय र ०७९।८० का लागि अनुमानित आय-व्यय को स्रोत व्यवस्थाको योजना प्रस्तुत गर्दछु ।

**पाणिनी गाउँपालिकाको विगत तिन आको आ .व.य व्ययको प्रक्षेपण**

| **शिर्षक** | **आ.व.०७७/०७८ को यथार्थ** | **आ.व.०७८/०७९ को संशोधित अनुमान** | **आ.व.०७९/०८० को अनुमान** |
|---|---|---|---|
| **संघीय सरकार समानिकरण अनुदान** | १०२९०००००/- | १०,९८,००,०००/- | रु. ११,७५,००,०००/- |
| **संघीय सरकार राजश्व बाँडफाँड** | ७०४०७४७५.३५/- | ७,७२,८१,४७६/- | रु. ९,९४,८०,०००/- |
| **संघीय सरकार विशेष अनुदान** | २१४३९६१०/- | - | रु. १,२०,००,०००/- |
| **संघीय सरकार समपुरक अनुदान** | ५०६०७२०/- | - | रु. १,७०,००,०००/- |
| **संघीय सरकार ससर्त अनुदान चालु** | २९०१४६१३६.८३/- | २९,३२,००,०००/- | रु. ३०,९१,००,०००/- |

| | | | |
|---|---|---|---|
| **संघीय सरकार ससर्त अनुदान पुँजिगत** | **-** | **१,६५,००,०००/-** | **रु. ३,२६,००,०००/-** |
| **प्रदेश सरकार समानिकरण अनुदान** | **५२५४०००/-** | **५१,५६,०००/-** | **रु. ६३,४९,०००/-** |
| **प्रदेश सरकार राजश्व बाँडफाँड** | **७०५७७८१.१२/-** | **७७,८७,०६१.४५/-** | **रु. ८२,७३,०००/-** |
| **प्रदेश सरकार ससर्त अनुदान** | **१२७८३४७५/-** | **८५,४४,०००/-** | **रु. ८०,००,०००/-** |
| **प्रदेश सरकार विशेष अनुदान** | **५९७३०९९/-** | **६०,००,०००/-** | **रु. ६०,००,०००/-** |
| **प्रदेश सरकार समपुरक अनुदान** | **१६७६९५६/-** | **१,५०,००,०००/-** | **रु.१,५०,००,०००/-** |
| **आन्तरिक राजश्व** | **८९७९१२०.६५/-** | **८०,००,०००/-** | **१,७५,००,०००/-** |
| **गत वर्षको अ.ल्या.** | **५,०३,९५,६९६.९९/-** | **१,८४,१५,४५७/-** | **१,५०,००,०००/-** |
| **जम्मा** | **५८१४** | | **६६,३८,०२,०००/-** |

आ.व. ०७७।७८ को यथार्थ आय-व्यय, ०७८।७९ को संसोधित आय-व्यय र ०७९।८० का लागि अनुमानित आय-व्यय को स्रोत व्यवस्थाको योजना प्रस्तुत गर्दछु ।

आ.व. ०७८।७९ मा केन्द्रीय अनुदानतर्फ, प्रदेश अनुदान र आन्तरिक श्रोत तथा  विभिन्न कोषमा रहेको रकम, धरौटी जम्मा र आन्तरिक श्रोत गरी जम्मा रु ५५ करोड ६४ लाख ९७ हजार ३ सय ५० रूपैया १० पैसा मात्र आम्दानी भएको छ । त्यसै गरी हालसम्म चालु र पुँजीगत गरी जम्मा रु. ४२ करोड ९१ लाख ६९ हजार २ सय ५८ रूपैया खर्च भई सकेको छ।

त्यसैगरी चालु आ.व. ०७८।७९ मा रु.६७ करोड ३ लाख ८० हजार ४० रूपैया अनुमान गरीएकोमा यो बजेट तयार पार्दा सम्म विभिन्न अख्तियारीहरू समेतका आधारमा संशोधित आय अनुमान रु. ६५ करोड ५३ लाख ८० हजार ४० रूपैया रहेको छ ।

चालु आ.व. मा यो बजेट तयार पार्दासम्म चालु र पुँजीगत गरी जम्मा रु.४२ करोड ९१ लाख ९७ हजार ३ सय ५० रूपैयाँ खर्च भएको विद्यमान अवस्थामा चालु आ.व. को अन्त्यसम्म रु. ५४ करोड खर्च हुने अनुमान रहेको छ।

**आ.व. ०७८।७९ को प्रस्तावित आयव्यय अनुमान**

संघ र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, वित्तीय समानीकरण, राजस्व बाँडफाड, समपूरक अनुदान, विशेष अनुदान, चालु आ.व. को मौज्दात र आन्तरिक आय समेतबाट रू. ६६ करोड ३८ लाख २ हजार मात्र, ( अक्षेरुपी रुपैयाँ छैसठ्ठी करोड अठतिस लाख दुई हजार मात्र ) आम्दानि हुने अनुमान गरेको छु। जसमध्ये कुल आय तर्फ संघिय सरकार बाट प्राप्त सशर्त अनुदान ३७ करोड ७ लाख प्राप्त भएको छ जसमध्ये चालु सशर्त अनुदान ३० करोड ९१ लाख, शसर्त पुजिगत तर्फ ३ करोड २६ लाख, संघीय सरकार विशेष अनुदान तर्फ १ करोड २० लाख र संघीय समपुरक तर्फ १ करोड ७० लाख प्राप्त भएको छ। त्यसैगरी संघीय समानिकरण अनुदान तर्फ ११ करोड ७५ लाख संघीय सरकार राजश्व बाडँफाडँ तर्फ ९ करोड ९४ लाख ८० हजार प्राप्त भएको छ।

प्रदेश सरकारको सशर्त अनुदान, समानिकरण अनुदान, राजश्व बाडँफाडँ तथा प्रदेश सरकारकै विशेष अनुदान को लागि प्राप्त रकम समेत गरी प्रदेश तर्फबाट रू. ४ करोड ३६ लाख २२ हजार विनियोजन भएको छ। जसमध्ये प्रदेश सरकार सशर्त अनुदान तर्फ ८० लाख, प्रदेश समानिकरण तर्फ ६३ लाख ४९ हजार, प्रदेश समपुरक तर्फ १ करोड ५० लाख, प्रदेश विशेष अनुदान तर्फ ६० लाख र प्रदेश राजश्व तर्फ ८२ लाख ७३ हजार रुपैया प्राप्त भएको छ।

आ.व २०७९/८० मा आन्तरिक श्रोत तर्फ रु १ करोड ७५ लाख संकलन हुने अनुमान गरिएको छ र चालु आ.व. को मौज्दात रकम रु. १ करोड ५० लाख आम्दानी हुने अनुमान गरेको छु। माथि उल्लेखित प्रस्तावित आयमा सामाजिक सुरक्षा तर्फको रकम उल्लेख गरिएको छैन।

सो आय बाट चालु तर्फ ३९ करोड १३ लाख ८५ हजार ३ सय २० रुपैया अर्थात् ५८.९६ प्रतिशत र पुजिगत तर्फ रु २७ करोड २४ लाख १६ हजार ६ सय ८० रुपैया अर्थात् ४१.०४ प्रतिशत विनियोजन गरेको छु।

लक्ष्य अनुसार आन्तरिक श्रोत नउठेमा श्रोत शुनिश्चित भएपछी मात्र कार्यान्यवन प्रक्रिया अगाडी बढाईने व्यवस्था मिलाएको छु।

वस्तीस्तरबाट माग हुने गाउँपालिकाको स्रोतबाट संचालन हुन नसक्ने ठूला योजनाहरूलाई केन्द्र तथा प्रदेश सरकारमा अनुरोध गर्ने व्यवस्था गरेको छु। साथै प्रधानमन्त्री रोजगार कार्यक्रममा समावेश हुने आयोजनाहरूलाई समेत यसै बजेटमार्फत सभाबाट स्वीकृतिका लागि व्यवस्था मिलाएको छु।

## बजेट कार्यान्वयन

आयोजनाहरूको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रसाशकीय अधिकृत, प्राविधिक समेत आवश्यक जनशक्तिबाट हुने व्यवस्था मिलाइनेछ । आयोजनासँग सम्बन्धित विषयगत समिति, विषयगत शाखा हरूबाट समेत नियमित अनुगमन मुल्यांकनको व्यवस्था मिलाइनेछ । साथै सम्बन्धित वडाका वडा अध्यक्ष लगायतका जनप्रतिनिधिहरूबाट समेत अनुगमन मुल्यांकन हुने व्यवस्था मिलाइनेछ । यसबाट बजेट कार्यान्वयनमा अनुशासन र नतिजा प्राप्तिको सुनिश्चितता आउने विश्वास लिएको छु ।

## जवाफदेहीता र उत्तरदायित्व

विनियोजित पूँजीगत बजेट समयमा खर्च नहुने ढिलो गरी हतारले कार्य गर्ने तरिकालाई पूर्ण रूपमा निरुत्साहित गरिने छ । निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, निर्माण गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा निर्माण सम्बद्ध व्यवसायी तथा उपभोक्ता समिति परिणाम प्रति जवाफदेही तथा उत्तरदायी हुने प्रणालीको विकास गरिने छ ।

**सभाध्यक्ष महोदय,**

यो बजेटको कार्यान्वयनबाट पाणिनी गाउँपालिकालाई थप अगाडी बढाउन मद्दत पुग्ने विश्वास लिएको छु ।

बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, परामर्श दिने वडाध्यक्ष ज्युहरू, विभिन्न विषयका ज्ञाताहरू, विभिन्न राजनीतिक दलका नेताहरू, नागरिक समूहका अगुवाहरू, सामाजिक अभियान्ता, विषयगत शाखा / ईकाइ प्रमुख ज्यू एवं पत्रकार लगायत सम्पूर्णप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै अहोरात्र खटिइ  नीति, कार्यक्रम र बजेट निर्माण कार्यमा सहयोग पुर्याउने कार्यालय प्रमुख एवं सम्पुर्ण कर्मचारीहरूमा विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा पाणिनी गाउँपालिकाको विकासमा टेवा पुर्याउनुहुने सबै करदाताहरू, संघीय सरकार, प्रदेश सरकार, संघ र प्रदेशमा यहाँबाट प्रतिनिधित्व गर्ने माननीयहरू, दातृ निकायहरू, गैरसरकारी तथा सामुदायिक सँस्थाहरू, सहकारी सँस्थाहरू लगायत पाणिनीवासी र पाणिनी गाउँपालिकालाई माया गर्नुहुने सम्पूर्ण दाजुभाई दिदी बहिनीहरूलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग पाउने विश्वास गर्दछु ।

**धन्यवाद !**

**नर्मदा पौडेल गौतम**

उपाध्यक्ष

मिति: २०७९।०३।१०